# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७७/२०८२/०८३

## मितिः २०८२।०५।१२ गते बसेको बैठक

**प्रस्तुत विषयमा कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको ७७ औं बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्गनामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल गरियो।**

**बैठक बसेको समयः दिउँसो १.०० बजे।**

**<u>तपसिल</u>**

| प्रस्तावको विषय | प्रस्ताव नं. |
|---|---|
| नदीजन्य पदार्थ निर्माण सामग्री ढुवानी दुरी कायम गर्ने सम्बन्धमा। | १ |
| किरणपोखरी आय ठेक्का व्यवस्थापन सम्बन्धमा। | २ |
| विपद व्यवस्थापन कार्य गर्ने सम्बन्धमा। | ३ |
| सेवाकालिन प्रशिक्षण कार्यक्रममा सहभागीको तालिम खर्च भुक्तानी सम्बन्धम। | ४ |
| कानेपोखरी अस्पतालको मलेप सम्बन्धमा। | ५ |
| कानेपोखरी अस्पतालको विशेषज्ञ सेवा सञ्चालन सम्बन्धमा। | ६ |
| विविध। | ७ |

**गाउँपालिका**
**अध्यक्ष**

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०८२।०४।०६ गते जानकारी भयो।

गाउँपालिका उपाध्यक्ष　　१ नं. वडा अध्यक्ष　　२ नं. वडा अध्यक्ष　　३ नं. वडा अध्यक्ष

४ नं. वडा अध्यक्ष　　५ नं. वडाध्यक्ष　　६ नं. वडा अध्यक्ष　　७ नं. वडा अध्यक्ष

**<u>गाउँ कार्यपालिकाका सदस्यहरुः</u>**

पदम कुमारी कार्की　　साउनी माझी　　सुशिला श्रेष्ठ　　प्रमिला परियार

झपटुलाल राजबंशी　　सुफल मुर्मु सतार　　रखिलाल चौधरी

**कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७७/२०८२/०८३**
**मितिः २०८२।०५।१२ गते बसेको बैठक**

**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्गनामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी पूर्व निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन मितिः २०८२।०४।०७
बैठक सञ्चालन स्थानः कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, भौंसाबारी, मोरङ।
बैठक बसेको समयः बिहान११.०० बजे।

उपस्थिति

| सि.नं. | पदाधिकारीहरुको नाम थर | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री राजमती इङ्गनाम | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री भोला प्रसाद अधिकारी | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री रत्न बहादुर कार्की | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री शुशिल बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री गोपाल बहादुर कार्की | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री रमेश राउत | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री चरण गुरुङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री खड्ग बहादुर बस्नेत | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री मोहनप्रसाद अधिकारी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री पदमकुमारी कार्की | गाउँ कार्यपालिका सदस्य | |
| ११. | श्री सुशिला श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १२. | श्री प्रमिला परियार | गाउँ कार्यपालिका सदस्य | |
| १३. | श्री साउनी माझी | गाउँ कार्यपालिका सदस्य | |
| १४. | श्री झपटुलाल राजबंशी | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री सुफल मुर्मु सतार | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री हिराकुमारी यादव, प्रमुख प्र.अधिकृत | गाउँ कार्यपालिका सचिव | |

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७७/२०८२/०८३
## मितिः २०८२।०५।१२ गते बसेको बैठक

निर्णय नं.(१)

प्रस्ताव नं.(१) का सम्बन्धमा छलफल गर्दा नदीजन्य पदार्थ निर्माण सामग्रीको ढुवानी दुरी कानेपोखरी गाउँपालिका अन्तर्गत रहेका वडाहरुमा निर्माण सामग्री ढुवानीका लागि कानेपोखरी गाउँपलिका नजिक रहेको Query side (खानी) चिसाङ खोलालाई निर्धारण/आधार मानी (ठेक्का लागेको खण्ड) पालिका अन्तर्गत रहेका तपसिलका वडाहरुमा निर्माणका लागि तपसिल बमोजिमको औषत दुरी कायम गर्ने निर्णय गरियो।

**तपसिल**

१. वडा नं.१ - १६ कि.मि.
२. वडा नं.२ - १० कि.मि.
३. वडा नं.३ - १२ कि.मि.
४. वडा नं.४ - ७.५ कि.मि.
५. वडा नं.५ - ४ कि.मि.
६. वडा नं.६- ६ कि.मि.
७. वडा नं.७- ५ कि.मि.

निर्णय नं.(२)

प्रस्ताव नं.(२) का सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत कानेपोखरी गाउँपालिका वडा नं.१ होक्लाबारीमा रहेको किरणपोखरीबाट आय संकलन गर्न ३ वर्षको लागि निम्न बमोजिमको दररेटमा बढाबढ गरी ठेक्का लगाउन शिलबन्दी दरभाउपत्रको सूचना आह्वान गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | पोखरीको विवरण | कबोल रकम | भ्याट रकम | भ्याट सहित कूल कबोल रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | किरण पोखरी, वडा नं.१ होक्लाबारी | २,५५,०००।- | ३३,१५०।- | २,८८,१५०।- | तीन वर्षको लागि |

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७७/२०८२/०८३
# मितिः २०८२।०५।१२ गते बसेको बैठक

## निर्णय नं.(३)

प्रस्ताव नं.(३) का सम्बन्धमा छलफल गर्दा प्रत्येक वडाका मुख्य सडकहरुमा सवारी चापका आधारमा जीर्ण तथा भत्केका खाल्डा खुल्डी भएका सडकहरुको अत्यावश्यक स्थानमा मर्मत सम्भार गर्नु पर्ने स्थानहरु वडाबाट यकीन गरी लागत अनुमान सहित गाउँ कार्यपालिकाको कार्यालयमा ७ दिन भित्र पेश गर्ने, वडाबाट सिफारिस भई आएका सडकहरुको अनुगमन समिति तथा प्राविधिकबाट स्थलगत अनुगमन गरी मर्मत सम्भार गर्नु पर्ने सडकहरुको बढीमा रु.५ लाख सम्मको मर्मत सम्भार कार्य गराउन मर्मत सम्भार कोषबाट खर्च लेख्ने गरी गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिइयो।

## निर्णय नं.(४)

प्रस्ताव नं.(४) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, ज्वालाखेल, ललितपुरसँगको  सम्झौता अनुसार ३२ कार्य दिने सेवाकालीन प्रशिक्षण कार्यक्रममा कानेपोखरी गाउँपालिकामा कार्यरत ३ जना प्राविधिक कर्मचारीहरु सहभागी भएकोमा प्रति सहभागी रु.३५,११७।— को दरले तपसिल बमोजिमको सहभागीको जम्गा रकम रु.१,०५,३५१।- कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**तपसिल**

| क्र.सं. | कर्मचारीहरुको नामथर | पद/तह | कैफियत |
|---|---|---|---|
| १ | सुनिल कार्की | सहायको चौथों | |
| २ | यामकुमारी कट्टुवाल | सहायक चौथों | |
| ३ | लाक्पा तेन्जी शेर्पा | सहायक चौथों | |

## निर्णय नं.(५)

प्रस्ताव नं.(५) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी अस्पतालको आन्तरिक लेखापरीक्षण "कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली,२०७८" को नियम १२ को उपनियम ३ बमोजिम आन्तरिक लेखापरीक्षण सम्पन्न भई अन्तिम लेखापरीक्षणको लागि कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालयलाई सूचना आव्हान गर्ने निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

## निर्णय नं.(६)

प्रस्ताव नं.(५) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका अन्तर्गत रहेको कानेपोखरी अस्पतालमा तपसिल बमोजिमको विशेषज्ञ सेवा आंशिक करार सेवा पदमा अनुबन्धन गरी सञ्चालन गर्न

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७७/२०८२/०८३
# मितिः २०८२।०५।१२ गते बसेको बैठक

अस्पताल व्यवस्थापन समितिको सिफारिस तथा निर्णयानुसार कार्य प्रकिया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**तपसिल**

| क्र.सं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | MD(Gyne & Obstrection) | ९ औं | १ | |
| २ | MD(Pediatrician | ९ औं | १ | |
| ३ | MD (Orthopedic) | ९ औं | १ | |
| ४ | MD (Surgeon) | ९ औं | १ | |
| ५ | Endricrinologist | ९ औं | १ | |